# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (चवालिसौं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०४।५ गते

माननीय सदस्यहरू आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरूको लागि एक मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय श्री इन्द्रधारा विष्ट, मुस्ताङ**

सभामुखज्यू, अविरल वर्षाका कारण बाढी र पहिरोले कालीगण्डकी करिडोर बेनी र जोमसोम सडक खण्ड राउखोलाको बेली ब्रिज एकछेऊ बगाई खोलामा खसेको र ठाउँठाउँमा पहिरोको कारण बाटो अवरुद्ध भएको करिब २ हप्ता भइसक्यो । त्यसैले पुल तथा बाटोको यथाशीघ्र मर्मत कार्यलाई अगाडि बढाउन सभामुखज्यू मार्फत संघ र प्रदेश सरकारलाई जोडदार माग गर्दछु । एक अर्को विकल्प भनेको हवाइसेवा त्यसलाई पनि लकडाउनका कारण त्यो सेवा पनि नचलिरहेको अवस्था छ त्यसैले त्यस क्षेत्रको जनताको आवश्यकतालाई मध्यनजर गरी हवाइसेवालाईसमेत सुचारु गर्न दुवै सरकारले प्रमिसनको व्यवस्था मिलाई त्यस क्षेत्रमा हवाइसेवा सुचारु गर्न सभामुखज्यूमार्फत हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी, गोर्खा**

**सभामुख महोदय,** आज परिरहेको वर्षाले गोर्खाको अजिकोट गाउँपालिका भच्चेक बजार जोखिम अवस्थामा छ । र त्यस्तै अजिकोट गाउँपालिकाकै बालुवा बजारमा पहिरोले घर बगाएको छ, २ घर । र त्यस्तै सुलीकोट गाउँपालिका नारपाङ्ग जौबारीमा २ घर बगाएर त्यहाँ जनताको अवस्था नाजुक छ । त्यसलाई जीतबहादुर गुरुङ र पदमबहादुर गुरुङलगायत

अन्य बारपार्क सुलीकोटकै ५ नम्बर वाडमा तपाईंको जय डाँडा भन्ने ठाउँ र बारपाक सुलिकोट ४ नम्बरमा जय डाँडा र सुलीकोटको ५ नम्बरमा धनबहादुर राना, लोकबहादुर बराम र रामबहादुर ढकालको घर र त्यहाँको जनधनको विचल्ली भएको छ । तुरुन्तै प्रदेश सरकारबाट त्यहाँ केही ध्यान पुगोस् भन्न चाहन्छु धन्यवाद । जय नेपाल !

**माननीय सदस्यहरू शून्य समयमा बोल्ने माननीय सदस्यज्यूहरूको बोल्ने क्रम यही समाप्त हुन्छ ।**

माननीय सदस्यहरू अब म विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरूले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री दीपक कोइराला, समय ७ मिनेट**

**माननीय सभामुख महोदय,** लगातारको अविरल वर्षाका कारण गण्डकी प्रदेशलगायत देशव्यापी रूपमा ठूलो धनजनको क्षती भइरहेको छ । म सम्पूर्ण मृत्यु हुनेहरूप्रति श्रद्धाञ्जली एवम् घाइतेहरूको स्वास्थ्य लाभको कामना गर्दछु । यस सन्दर्भमा गण्डकी प्रदेश सरकारले प्रदेश भित्र रहेका बाढी पहिरो, प्राकृतिक प्रकोपबाट भइरहेको क्षतीमा राहत र उद्धारका जुन कार्यहरू भइरहेका जुन कार्यहरू अगाडि बढाइरहेको छ त्यसका लागि गण्डकी सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**माननीय सभामुख महोदय,** बाढी पहिरोको कारण ठुलठूला क्षतिहरू पनि भएका छन् जुन क्षती हामीले आजको आजै ती कामहरु अगाडि बढाउन नसकौंला तर बाढीपहिरोका कराण स-साना पनि धेरै क्षतिहरू भएका छन् ती ससाना क्षतिहरू थोरै-थोरै रकममा छिटो भन्दा छिटो ती कामहरूलाई सम्पन्न गर्न र भत्किएका बाटाहरू या भत्किएका पुल, पुलेसाहरू, भत्किएका सिँचाइका नहर र कुलाहरू हामी निर्माण गर्न सक्दछौं । तर हाम्रो चाहीँ के भइरहेको छ भने स्थानीय सरकार, प्रदेश सरकार, जनप्रतिनिधिहरू हामी खाली त्यसको अनुमगन गर्दछौ र आश्वासन मात्रै दिन्छौं त्यो बन्दैन । हामीले धेरै ठाउँमा हेर्‍यौं ठूलठूला कामहरू हामी तत्काल अहिले गर्न नसकौला तर म मेरो निर्वाचन क्षेत्रको एक दुई उदाहरण दिएर भन्न चाहन्छु । कि मेरो निर्वाचन क्षेत्र कास्की १ '१' मा पोखरा ३२ मा तल्लो गगनगौँडाबाट जनताको चौतारो जाने एउटा बाटो भत्किएको छ । जुन बाटोमा मुस्किलले १५-२० वटा जाली भरेर अलि कति ग्राभेल हाल्यो भने त्यो बाटो बन्छ तर त्यो बाटो हामी सबै के गर्दछौं अनुगमन गर्दछौं र आश्वासन मात्र बाढ्छौं तर त्यो बाटो बन्दैन । २० वटा जाली पनि हामी भनेको समयमा प्राप्त गर्न सक्दैनौं र त्यो बाटो बनाउन सक्दैनौं भने हामी

के गर्छौं ? भन्ने गम्भिर प्रश्न उठेको छ । त्यस्तै विजयपुरमा एउटा रहर छ । जुन पोखरा २६, २७, २९, ३० लगायतका ठाउँठाउँमा झण्डै १२४० हेक्टर जमिन सिँचाइ गर्छ त्यसको १०० मिटर मात्रै त्यहाँ क्र्याक आएको छ जहाँ २ लाख रुपियाँ जति खर्च गर्‍यो भने त्यो समस्याको समाधान हुन्छ । नहर सुचारु हुन्छ तर हामी त्यो २ लाख रूपैयाँ पनि खर्च गरेर नहर निर्माण गर्न सक्दैनौं । त्यसको अनुगमन गर्दछौं र खाली आश्वासन मात्र दिन्छौं भने हामीले के काम अगाडि बढाउँछौं भन्ने गम्भिर प्रश्न उठेको छ । त्यस्तै हामीले पोखरा-३२ मा लामेआहालनिर पृथ्वी राजमार्गको सडकमा सडक निर्माण गर्दा नाला बनाएको कारणले ठूलो बस्ती नै त्यहाँ जोखिममा छ । खाली त्यहाँ २-४ लाख रूपैयाँ खर्च गरे त्यहाँ नाली बनायो भने हाम्रो त्यो बस्ती जोगिन्छ । तर हामी त्यो २-४ लाख रूपैयाँ त खर्च गर्दैनौं । त्यो निर्माण गर्दनौं र हाम्रा कामहरू हुँदैनन् । त्यसकारण मेरो खाली मात्र कुरा के हो आजको कुरा मैले भन्न खोजेको कुरा के हो भने यस्ता प्रकारका २-४ लाख रुपियाँ खर्च तत्काल भैहाल्ने ठूल्ठूला कामहरू हामीले गर्न सक्दछौं भने ती कामहरूमा विशेष ध्यान दिन गर्न पर्‍यो । २ लाख रूपैयाँ खर्च गरेर नहर हामी निर्माण गर्न सक्छौं । हजारौं रोपनी जमिन त्यसले सिँचाइ गदर्छ । २०-२५ वटा जाली भरेर हामी बाटो खुलाउन सक्दछौं । जसले हाम्रो यातायातको साधनहरूलाई सहजता पैदा गर्दछ भने त्यस्ता कुरामा हामीले ध्यान किन नदिने ? खाली ठूल्ठूला कुराहरू मात्र गर्ने र त्यो कामहरू हामी समयमा सम्पन्न गर्न नसक्ने हो भने हाम्रा आश्वासनहरू अनुगमनदेखि आश्वासनमात्रै अनि आश्वासनबाट फेरि घुमेर अनुगमनसम्म मात्र आउने हो भने हामीले यो परिवर्तनको, हामीले भनेका यी सबै प्रकारका तीन-तीन तहको सरकार निर्माण गरिरहेका छौं भने त्यसले हामीलाई तत्कालका कामहरू सहजतापूर्वक निर्माण गर्न सक्दछ र हामीले गाउँ-गाउँ, घरघरमा सिंहदरबार पुर्‍याइरहेका छौं भन्ने कुराले सार्थकता प्राप्त गर्न सक्छ त्यसकारण सभामुख महोदय, मेरो एउटा मात्र भनाइ के छ भने हामीले यो सबै काम प्रदेश सरकारकोतर्फबाट या प्रदेश सरकारले नेतृत्व गरेर या प्रदेश सरकारले हाम्रा ५० वटै स्थानीय तहमा पुगेर यी कामहरू सम्पन्न गर्न सक्दैन । यी कामहरू भनेको बेला सम्पन्न हुन सक्दैनन् । भनेका बेला यी सबै ठाउँमा पुग्न पनि सकिँदैन । त्यसकारण मेरो आग्रह विशेष आग्रह या माग छ सरकारसँग । यी हाम्रो ३६ वटा निर्वाचन क्षेत्रमा कम्तिमा यो विपत् व्यवस्थापनका लागि नयाँ केही न केही नयाँ ढंगको मोडल हामी अपनाऔं । ३६ वटा निर्वाचन क्षेत्रमा एक-एक करोड खर्च गर्‍यो भने पनि जम्मा ३६ करोड त्यो सरकारका लागि कुनै ठूलो बजेट होइन । त्यो एक-एक करोड रूपैयाँ हामी खर्च गर्न सक्दैनौं हामी ५०-५० लाख रूपैयाँ खर्च गरौं भने पनि त्यो धेरै ठूलो रकम होइन, जम्मा १८ करोड रूपैयाँ हो । त्यसको आधी २५-२५ लाख रूपैयाँ मात्र खर्च गरौं भने पनि यसको आँधी रकम मात्रै हो । रकम ठूलो होइन, व्यवस्थापन मुख्य कुरा हो । मैले धेरै पटक भन्ने गर्‍या छु, धेरै ठाउँमा भन्ने गर्‍या छु,

हामीलाई स्रोतको अभाव होइन, हामी व्यवस्थापनमा कमजोर छौं । हाम्रो सरकार, संघीय सरकार या स्थानीय सरकार हामी आफैँले पनि हाम्रा आम नागरिकहरू हामी सबै आम नागरिकहरू सबै हामी हेर्छौं हामी व्यवस्थापनमा कमजोर भयौं । त्यसैले त्यो व्यवस्थापन गर्नका लागि एउटा राम्रो र सजिलो उपाय के हुन सक्दछ भने कुरा राख्दछ त्यसकारण माननीय सभामुख महोदयमार्फत म सरकारसँग यो माग गर्न चाहन्छु र यो प्रस्ताव गर्न चाहन्छु र मैले धेरै पटक भन्ने गरेको छु, सदन खाली हाम्रो संसदीय गतिविधिलाई अगाडि बढाउन, संसदीय कुरा, संसदीय व्यवस्थालाई अगाडि बढाउन मात्र छलफल मात्रै वहस मात्रै भयो, जवाफ, प्रश्न र उत्तर मात्रै भएर होइन यसले सार्थक बहसमा लैजान पर्‍यो । यो वहसले आजको दिनमा जे समस्या पैदा भएको छ त्यसलाई हल कसरी गर्न सकिन्छ भन्ने एउटा सार्थक वहसमा जानु पर्दछ । म फेरि पनि भन्न चाहन्छु यदि, हामीले प्रत्येक निर्वाचन क्षेत्रमा आजको दिनमा २५ लाख रूपैयाँ मात्र दियौं भने पनि निर्वाचन क्षेत्रहरूमा भइरहेका या त्यस्ता स्थानीय स्तरमा भइरहेका सानातिना खर्च गरेर ठूल्ठूलो क्षती जोगाउन सकिने काम सम्पन्न हुन सक्दछ । त्यसकारण म हरेक निर्वाचन क्षेत्रमा एक-एक वटा यो विपत् व्यवस्थापन कोस खडा गरेर जति सकिन्छ त्यसलाई गर्न सकियो भने यस्ता काममा धेरै हामीले हामी त्यहाँका जनप्रतिनिधि छौ, स्थानीय सरकार छ त्यसको समन्वय गरेर यस्ता २-४ लाख, ८-१० लाखमा हुने कामहरू सम्पन्न गर्न सक्छौं । र त्यसबाट हुने ठूल्ठूला जोखिमहरू, त्यसबाट हुने ठूल्ठूला क्षती जोगाउन सकिन्छ । त्यसतर्फ प्रदेश सरकारको विशेष ध्यान जाओस् भन्ने कुरा राख्न चाहन्छु । र मेरो निर्वाचन क्षेत्रमा फेवाताल लगायतका रूपाताल लगायतका जति तालहरूको विकास छ, तालहरूको निकास सही ढंगले हुन नसक्दा तालहरूको ओभरफ्लो सही ढंगले हामीले त्यसलाई सही ठाउँमा पुर्‍याउन नसक्दा ठूल्ठूला जोखिमहरू पैदा भएका छन् । ती जोखिमहरू पनि साना-साना खर्चमा धेरै ठूलो खर्च गर्नुपर्ने छैन, साना-साना खर्चमा ती हल हुन सक्दछन् । यसकारण यस्तो प्रकारको काममा हामीले ध्यान दिएनौं भने हामीले हाम्रा सिँचाइ, नहरहरू जो सानो खर्चमा काम हुन्छन् त्यसलाई ध्यान दिएनौं भने जो हामीले सानो खर्चमा पनि हामीले बाटो निर्माण गर्न सक्दछौं । या हामीले वर्षाको त्यो बाढीको भललाई सही ढंगले त्यसलाई पठाउन सक्दछौं यदि त्यस्तो गरेनौं भने ठूल्ठूला जोखिमहरू मोल्न सक्ने हुन्छ त्यसकारण यी सबै कामहरू प्रदेशभरी हेर्‍यो भने झण्डै हजारौंको संख्यामा होलान् यो सबै एउटै ठाउँबाट या सरकारको ठाउँबाट मात्र गरिरहँदा या कुनै न कुनै एउटा खालको मेकानिजम नबनाइकन गर्ने हो भने यी कामहरू गर्न सकिँदैन । त्यसकारण प्रत्येक निर्वाचन क्षेत्रमा एक-एक वटा विपत् व्यवस्थापनसम्बन्धी एउटा नयाँ व्यवस्था गर्न भनेर यदि कोष राख्ने हो भने यस्ता खालका विपत्हरू हामीले त्यहीबाट सजिलै हल गर्न सक्दछौं भन्ने कुरा राख्दछु ।

यही विशेष समयमा माननीय सभामुखमार्फत् प्रदेश सरकारको विशेष ध्यान जाओस् भन्ने कुरा राख्छु धन्यवाद ।

**माननीय सदस्य श्री हरिशरण आचार्य, समय ५ मिनेट**

माननीय सभामुखज्यू, विगत केही दिन अगाडिदेखि आइरहेको अविरल वर्षाका कारण, म्याग्दी, बाग्लुङ, पर्वत, स्याङ्जा, कास्की, तनहूँ, लमजुङ, गोर्खालगायतका जिल्लाहरूमा बाढीपहिरोमा परी ठूलो जनधनको क्षती भएको छ । उक्त दुःखद घटनामाा पनि ज्यान गुमाउनु भएका मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र मृतकका पारिवारजनहरूमा जनता समाजवादी पार्टी संसदीय दलको गहिरो समवेदना व्यक्त गर्दछ । साथै विभिन्न घटनाहरूमा परी घाइते हुनु भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । घाइते हुनुभएका नागरिकहरूलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न गण्डकी प्रदेश सरकारसँग जोडदार माग गर्दछ । बाढी र पहिरोबाट जोखिममा रहेका वस्तीहरूको तत्काल वैकल्पिक व्वस्थापन गरी थप क्षती हुनबाट बचाउन सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । विशेष गरी बाढीपहिरोका कारण भौतिक पूर्वाधार क्षतविक्षत भएका छन् । म्याग्दी जिल्लाको रघुखोलाले मुस्ताङ जिल्ला जाने मुख्य सडक र म्याग्दी जिल्लाको केही भागलाई सुगम बनाउँदै आएको बेली ब्रिज भत्काउँदा आज ती भागहरू यातायात सुविधाबाट बञ्चित भएका छन् । ठेकेदारको कम्पनीको लापरवाही, सम्बन्धित क्षेत्रका जनप्रतिनिधिको उदासिनता र सरकारको बेवास्थाका  कारण आज नजिकै बन्दै गरेको सडक, पुल समयमा बन्न सक्दा म्याग्दी र मुस्ताङ दूरदराजको अँध्यारो छायाभित्र सुस्ताइराखेका बस्ती जस्ता बन्न पुगेका छन् । सरकारले बाढीपहिरोबाट राहत वितरण गरेको अखबार र सामाजिक सञ्जालमा देख्न र सुन्न पाइरहेका छौं । आफ्नै पकेटबाट झिकेर बाँडे जस्तो कतै लाख-लाख रूपैयाँ आफ्नो मनोज्ञानले बाढ्दै हिँडिरहेको जस्तो देखिन्छ । कतै किरिया बस्दा लगाउने सेतो बस्त्र पनि नपाएर पीडाले छटपटिएका देखिन्छन् । मृत्युभित्र पनि वर्ग देख्ने कस्तो सरकार ? पीडा भित्र पनि उचो-निचो देख्ने कस्तो सरकार ? सबै पीडामा छलपटिएका समुदायलाई समान नीति बनाएर किन राहत वितरण गरिँदैन ? राहत माथि पनि किन राजनीति गरिन्छ ? समाजवादलाई कति गज्जबको छ मलाई अचम्म लाग्छ, कति गज्जबको छ समाजवादलाई टेकेर वैतरणी तर्ने सरकारको सुन्दर सपना । कोभिड १९ को कारण आज मुलुक आक्रान्त छ र बाढीपहिरो र प्राकृतिक विपतिका कारण दिनदिँदै एकपछि अर्को धनजनको झन् ठूलो क्षती भइराखेको छ । यस्तो स्थितिमा सरकार निदाएर बसे झैँ देखिन्छ प्रदेश सरकार सबै । केन्द्र सरकार कुर्ची ढल्यो भने मेरो पिल्लर पनि बाँङ्गिन्छ भन्ने डरले काठमाडौंमा बसेर दुई ठूला पिल्लरको चुम्बकीय शक्ति नापेर त्यसैको वरीपरी घुमेर बेसार पानी खाएर आछ्यु गर्दै

लाजको रोइलो पसार्दै बसिरहेको छ । अर्कोतिर मुलुक हिजोको शासकहरू भन्दा कैंयौ गुणा भ्रष्टाचारको दलदलमा फसिरहेको छ नियमनकारी स्वतन्त्र निकायहरू पनि भ्रष्टाचारीहरूकै चङ्गुलमा फँसिरहेका छन् । त्यसैले यही बेला मुलुक ठूलो राजनीतिक संकटमा परेको छ । योबाट मुक्त गर्न सही विचार र सही राजनीतिको खाँचो छ । यसैले कम्युनिजम भित्रका विभिन्न वादहरूको वस्त्र लगाएर आफूलाई क्रान्तिकारी भन्नेहरूले थोरै भए पनि ढाक्न खोजेको देख्दा ज्यादै टिठ लागेर आउँछ । आन्तरिक राष्ट्रियतालाई कमजोर बनाएर खोक्रो राष्ट्रवादको गहना भिर्ने नर्तकीहरू महेन्द्रीय शैलीमा आफ्नो क्रिडास्थान देखाइरहेका छन् । त्यसैले फेरि पनि यो मुलुकमा फेरि एउटा नयाँ विचार र नयाँ आदर्शको स्तुपा बन्न जरुरी छ । बेलैमा सबैको चेत खुलोस् । धन्यवाद ।

**माननीय विपक्षी दलका नेता कृष्णचन्द्र नेपाली पोखरेलले विशेष समय माग गर्नु भएकोले समय उपलब्ध गराउँछौं ।**

सभामुख महोदय, सबैभन्दा पहिले मलाई विशेष समय प्रदान गर्नु भएकोमा म दलकोतर्फबाट धन्यवाद दिन चाहन्छु । र मेरा केही भनाइहरू राख्नुभन्दा पहिले यो विश्वव्यापी रूपमा फैलिएको कोरोना यो महामारी छ, जो एउटा मानवकै लागि संकटको रूपमा प्रस्तुत भएको छ र त्यसबाट हाम्रो देश पनि आक्रान्त छ । यसमा यसबाट ज्यान गुमाउनेहरूप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । ती हजारौं दाजुभाइ दिदीबहिनीहरू जो संक्रमित हुनुहुन्छ, जो कोरोनासँग संघर्ष गरिरहनु भएको छ , जसमा यस प्रदेशका दाजुभाइ, दिदीबहिनीहरू मात्र नभई कर्णाली प्रदेशका हाम्रा प्रमुख प्रतिपक्षी दल त्यहाँका जीवन शाहीज्यू पनि अहिले संक्रमित हुनुभएको अवस्था छ । उहाँलगायत सम्पूर्णलाई स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । त्यस्तै विगत केही दिनदेखि यो अविरल वर्षा भएको छ । यसबाट पहिरोमा परी ज्यान गुमाउनेहरूप्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोधसन्तप्त परिवारलाई हार्दिक समावेदना व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, र म मेरा भनाइहरू राख्नुभन्दा पहिले ती व्यक्तिहरू नेपालको राजनीतिक इतिहासमा जसले अहम् भूमिका खेल्यो । नेपाली काँग्रेसका संस्थापक नेता, लोकतन्त्रप्रति समर्पित, विश्वसमाजवादी संगठनका उपाध्यक्षसमेत भइसक्नु भएका र यो मुलुकमा पहिलो समाजवादी सरकारको नेतृत्व गर्नु भएका र यो देश तेस्रो मुलुकलाई न त पूँजीवाद न त साम्यवाद दुईटै वाद उपयुक्त छैनन् त्यसका लागि लोकतान्त्रिक समाजवाद मात्रै एउटा बाटो हो भनेर आज भन्दाा ६० वर्ष पहिले लोकतान्त्रिक समाजवादलाई अंगीकार गर्ने व्यक्तित्व । जसले आजीवन अराष्ट्रिय तत्व र विदेशी दलाल भन्ने लाञ्छना सहनु पर्‍यो । त्यो व्यक्ति प्रातः स्मरणीय वीपी कोइराला जसको ३८ औं स्मृति दिवस भोलि भएको

हुनाले म आदरणीय सम्म्मानित सदन समक्ष उहाँको उच्च सम्मान गर्दै श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यस्तै नेपाल कम्प्युनिट पार्टीका संस्थापक नेपालमा लोकतन्त्र हरण भइसकेपछि धेरै कम्प्युनिष्टहरूले राजाको कदमलाई बत्ति बालेर स्वागत गर्दै गर्दा निर्वासित रहेर नेपालको राजनीतिमा संसदीय व्यवस्था पुनर्स्थापना र काँग्रेस र कम्युनिष्ट मिलेर संयुक्त आन्दोलन गर्नुपर्छ भनेर निर्वासित हुने निर्वासितमा हुने र निर्वासितमा रहँदा गद्धार दलालबाट लाञ्चित पनि हुनु परेका कमरेड पुष्पलालको पनि पर्सी स्मृति दिवस भएको हुनाले उहाँलाई पनि म सम्मान गर्न चाहन्छु, श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

**सभामुख महोदय,** हामी ७७/७८ को बजेट अधिवेशनको करिब-करिब अन्त्यमा छौं । हामीलाई राम्रै स्मरण छ हामीले बढो असहज अवस्थामा त्यो डब्ल.एच.ओ.को मापदण्डलाई पालना गर्दै, भौतिक दुरी कायम गर्दै हामीले त्यो बजेटलाई अगाडि बढायौं र यसै सन्दर्भमा प्रदेश सरकारले ७७/७८ को बजेट ल्यायो र मलाई लाग्छ लगभग १ महिना त्यो बजेटको यसै सम्मानित सदनमा धेरै कोणबाट चिरफार पनि भाको अवस्था छ म त्यतातिर धेरै नगइकन म पनि मात्र भन्न चाहन्छु हाम्रो दलले सुरु देखि नै जब यो मुलुकमा लकडाउन शुरु भयो त्यतिबेलादेखि नै हाम्रो एउटै भनाइ रह्यो, त्यो भनेको के हो भने यो जो महामारी छ, त्यो महामारीलाई पहिलो प्राथमिकता दिएर सरकार अगाडि बढ्नुपर्छ र बजेटमा पनि त्यही केन्द्रित हुनुपर्छ भनेर हामीले पटक-पटक सरकारलाई लिखित रूपमा पनि हामीले दियौं ।

**सभामुख महोदय,** बजेट आयो, म यसका धेरै उता जान चाहन्न, यो परम्परागत एउटा एम्बिसियस, अलि प्रचारात्मक आदि इत्यादिका कुराहरू यहाँ आइसकेका छन् ती दोहोरिरएकै छन त्यतातिर म जान चाहन्न । एउटा कुरा के हो भने हामीले जे भनेका थियौं सरकारले जति त्यसलाई प्राथमिकता दिनु पर्थ्यो त्यो अझै पनि भएन भनेर हामीले भनेका छौं र पनि कोरोनासँग लड्नको लागि भनेर केही कुराहरू व्यवस्थित गरेको अवस्था छ । सभामुख महोदय, त्यसलाई म सकारात्मक रूपमा लिन चाहन्छु । जस्तो गुणस्तरीय क्वारेन्टाइन, विशेष अस्पताल, आइसोलेसनसहितको बेड, जिल्लाजिल्लामा शघन उपचार कक्ष, पीसीआर परीक्षण, औषधि उपकरण खरिद तथा कोष स्थापना भनेर ६० करोड ४० लाख छुट्याइएको छ । हाम्रो भनाई के हो भने, त्यति मात्रै होइन स्वदेश तथा विदेशमा रोजगारी गुमाएकाहरूलाई, कोभिड प्रभावित युवा सीप पूजी, प्रविधि उपलध गराउने भनेर १८ करोड ४२ लाख पनि छुट्याइएको छ । यो सकारात्मक छ म धन्यवाद पनि दिन चाहन्छु तर अहिले परिस्थितिले यो कोरोना संक्रमण हाम्रो समुदायमा प्रवेश नगरेको अवस्था छ । यद्यपि डब्लु.एच.ओ.ले र हाम्रै देशका पनि विज्ञहरूले अहिलेको परिस्थितिमा जब कि लकडाउन खुकुलो हुँदै गएको छ र समाजमा चहलपहल शुरु भइसकेको अवस्था छ,

भिडभाड भइसकेको अवस्था छ । अब यो संक्रमित समुदायमा जाने आशंका झन् बढेको अवस्था छ । त हामी के चाहन्छौं भने त्यो सम्भावित महामारीलाई थेक्न सक्ने सरकार सक्षम भएर बसोस् बन्ने हाम्रो कामना छ । यद्यपि ४ महिना भइसक्यो तर अहिलेसम्म पनि हामी ५४ वटा भेन्टिलेटर, १३३ वटा आइयीयु बेडमा बसेका छौं । २३७ वटा आइसोलेसन बेड भनेर तथ्याङक पनि देखाउँछौं । सभामुख महोदय, म यो किन भनिराखेको छु, भने नहुँदा ठीक छ हुँदा के गर्ने ? भन्दानेमा हामीले धेरै देशमा समुदायका प्रवेश गरेका हेरेका छौं दृश्यहरू आजसम्म । हामीले यो राम्रो भन्नै पर्छ । कमसेकम नेपालमा अहिलेसम्म समुदाय प्रवेश गरेको छैन र सबै इम्पोर्टेडहरु छन् त्यसमा पनि धेरै जसो युवाहरू छन् किनभने विदेशमा रोजगारीमा गएका युवाहरू नै हुन् उनीहरू आइसकेको अवस्थाले संक्रमणलाई उनीहरूले पराजित गर्न उनीहरू सफल भएको अवस्था छ र पनि भोलि त्यो दिन नहुन सक्छ यसर्थमा हामी अहिले पनि भन्छौं यो ४-४ महिनासम्म कमसेकम हामीसँग धेरै पिसीआर मसिनहरू हुनुपर्थ्यो र हामीसँग अहिलेसम्मको अवस्था हेर्ने हो भने अब १३१७ संक्रमित, ४ मरेको अवस्था प्रदेशमा, २१ हजार ३ सय ६५ परीक्षण, २९७ आइसोलेन १८२४ क्वारेन्टाइन भनेको अवस्था छ । यसमा पनि स्तरीय क्वारेन्टाइनको अभाव रहेको छ । यस अर्थमा म सरकारलाई के भन्न चाहन्छु भने त्यो चीजको लागि सरकार तयार हुनुपर्‍यो र आजसम्म कहीँबाट पनि ती उपकरण आउन सक्थे जो हामीले भनिराखेका छौं । आज स्वास्थ्यकर्मीहरूका लागि मात्र नभइकन भोलि सयौंको संख्यामा संक्रमण बढ्न गयो र समुदायमा गयो भने हामीले यी ५८ वटा भेन्टिलेटरबाट कसरी निर्वाह गर्न सक्छौं ? यस अर्थमा म सरकारलाई सचेत गराउन चाहन्छु । यसैलाई मेरो दलले यो संक्रमणकै यो कोरोनालाई लिएर सरकारमा यहाँ एउटा संकल्प प्रस्ताव पनि दर्ता भएको छ । मलाई लाग्छ, मलाई विश्वास छ । यो सभाले त्यसलाई पारित गर्ने छ । त्यहाँ हामीले धेरै कुराहरू डिटेलमा राखेका छौं ।

सभामुख महोदय अब म त्यो बजेटमा जुन केही कुराहरू आएका छन् जसको सकारात्मक कुराहरू जे सर्वाइभवल फण्डको कुरा आएको छ । यो सर्वाइभवल फण्ड राम्रो कुरा हो । अझै झन् ठूलो आउनपथ्यो भोलि आउला एउटा अर्को पक्ष हो तर यसलाई अब हामीले कसरी वितरण गर्छौं भन्ने कुरा सबैभन्दा ठूलो छ । हिजोका अनुभवले हामीले पारदर्शी रूपमा समानतको आधारमा जो जरुरत व्यक्ति हो त्यसलाई नभइन प्राविधिक कुराहरू मिलाएर दिने जुन परम्परा छ यो एउटा सबभन्दा अहिलेको ठूलो चुनौती छ । त्यसो भएर म सरकारलाई भन्न चाहन्छु । अन्दस्पट मै अहिले खेतीकिसानीको सिजन गइसकेको अवस्था छ । यो बीचमा हामलि मल, बिऊ बिजउ, जोताइ रोपाइ, भण्डार आदि इत्यादिमा अनुदान दिइसक्नुपर्ने अवस्था थियो । भोलिका दिनमा उत्पादन पछि भण्डारण, बजारको व्यवस्था आदि अहम कुराहरू छन् । त्यसकारणले अब यो वर्खे खेतीलाई हामीले कति दिन सक्छौ

हिउँदले खेतीको लागि अहिले देखि सरल तरिकाबाट किसानहरूलाई यी सबै कुराहरू निःशुल्क रूपमा उपलब्ध गराएर उत्पादनतर्फ प्रेरित गर्नुपर्ने आजको आवश्यकता छ । त्यतिमात्रै होइन । आज एउटा ठूलो चुनौती छ, त्यो चुनौती भनेको के हो भने यो ४ महिनाको लकडाउन त्यसले अर्थतन्त्रमा पुऱ्याएको जुन असर छ त्यसलाई मुकाविला गर्नका लागि हामीले उत्पादनतर्फ बढी ध्यान दिनुपर्ने अवस्था छ । त्यसको लागि हामीसँग एउटा ठूलो पूजी पनि आएको छ त्यो भनेको के हो भने रोजेगार गुमाएका, विदेशमा रहेका र यही देशभित्र प्रदेशभित्र रहेर पनि बेरोजगार रहेका यी सबै व्यक्तिहरूको पहिला एउटा अभिलेख तयार गर्नु पऱ्यो र दक्ष जनशक्ति हामीसँग कति छ ? अदक्ष जनशक्ति हामीसँग कति छ ? यसको तथ्याङ्क र डाटा राख्नुपऱ्यो र त्यो दक्ष शक्तिलाई स्वरोजगारका लागि हामीले पूँजीप्रदान गर्नुपर्ने अवस्था छ । उनीहरूलाई स्वरोजगारकै लागि प्रेरित गर्नुपर्छ । जो अदक्ष शक्ति छ त्यो शक्तिलाई एउटा लेवर इन्सेन्टिम दिएर यदि मार्केटमा एउटा मजुदूरले दिनको १ हजार कमाउँछ भने हामीले २ हजार दिन सक्नुपऱ्यो र उहाँहरूलाई पनि उत्पादन मुलक या अन्य कामहरू विकास निर्माणमा लगाउनु पऱ्यो । त्यसतर्फ प्रदेश सरकारको ध्यान जान जरुरी छ त्यति मात्र होइन, हाम्रो यो प्रदेश साच्चै भन्ने हो भने पर्यटन यहाँको मुख्य आधार हो आज त्यसको ढाँड भाँचिएको अवस्था छ । आज सारा होटलहरू बन्दछन् । उद्योग, व्यवसाय सब बन्द छन् । तिनीहरूलाई पनि एउटा सिड मनीका रूपमा हुन्छ या कसरी हुन्छ यद्यपि यो मौद्रिक नीतिमा धेरै कुरा केन्द्रले ल्याएको हामीले सुनेका छौँ तर प्रदेश सरकारले पनि यसलाई आफ्नै पहलमा यिनीहरूलाई फेरि एकीकृत बनाउने कोसिस गर्नुपर्छ भन्ने मलाई लाग्छ । सभामुख महोदय । अर्को, म फेरि एउटा वीपी कोइरालालाई एउटा उद्धरण उद्धृत गर्न चाहन्छु र पञ्चायत कालमा उहाँले एउटा शब्द प्रयोग गर्नुहुन्थ्यो भुइफुट्टा वर्ग उहाँले भन्नुहुन्थ्यो । विस्तारै यो वैज्ञानिक युगहरू आइरहेको अवस्था थियो विदेशसँग चहलपहल, सम्बन्ध वृद्धि भइरहेको अवस्थामा उहाँले भन्नुहुन्थ्यो कि अहिले एउटा यस्तो वर्ग काठमाडौमा छ न त्योसँग उद्योग छ, न त्यसको न व्यापार छ तर दिनदिनै ऊ धनी भइरहेको छ किन धनी भइराखेको छ ? कसरी धनी भइराखेको छ ? भन्दा तिनीहरूले सत्तामा बसेकाहरूलाई यसरी प्रभावित पार्छन् कि तिनीहरू दिनदिनै धनी भइरहेका छन् । यिनलाई भुइँफुटटा वर्ग भन्नुहुन्थ्यो त्यो पञ्चायतको कुरा हो सभामुख महोदय । बहुदल आइसकेपछि पनि अहिले स्वीकार्नु पर्छ त्यही भुइँफुट्टा वर्गहरू धेरै हावी हुँदै आएको अवस्था छ र अहिले संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेपछि त्यसमा पनि लगभग दुई तिहाइ बहुमतसहितको कम्युनिष्ट सरकार भइरहेको अवस्थामा यो भइुफुट्टा वर्ग यसरी मौलाएको छ सभामुख महोदय सो सबभन्दा ठूलो राष्ट्रका लागि चुनौती छ । आज प्रश्न गर्छन् नेपाली जनताले, हामी प्रश्न गर्न चाहन्छौँ । दुई तिहाइ बहुमतसहितको सरकारले किन जनताको पक्षमा निर्णय गर्न सक्दैन ? किन एक से एक विधेयकहरू आउँछन व्याक

जानुपर्छ ? किन भ्रष्टाचार नियन्त्रण हुन सक्दैन ? जबकि इतिहासकै ठूलो शक्तिशाली सरकार किन भ्रष्टाचारीहरूलाई कारवाही गर्न सक्दैन भन्दा अहिले त्यहीँ भुइँफुट्टा वर्ग चाहे सुमार्गीको नाममा आओस्, चाहे दीपक मल्होत्राका नाममा आओस् या विभिन्न नाममा आओस् । त्यही यति शक्तिशाली भाको छ । जसले हिजो प्रजातन्त्रको भनौ बहुदलको बेलामा जसरी प्रभावित पार्थ्यो त्यो भन्दा धेरै गुना आज प्रभावित पारेको छ । आज सिंहदरबार कब्जा गरेको छ । दरबार र राजधानीका दरबारहरू उनीहरूले बनाएको अवस्था छ । त्यसो भएको हुनाले म प्रदेश सरकारलाई पनि केन्द्रीय सरकार जसरी भुइँफुट्टावर्गबाट प्रभावित भएको अवस्था छ, जसरी बदनाम छ प्रदेश सरकारले त्यसबाट सिकोस् । अहिल्यैदेखि भुइँफुट्टा वर्गलाई मौलाउने माहोल नबनाओस् म अनुरोध गर्न चाहन्छु ।

अर्को अघि नै मैले उद्घृत गरे यहाँ  आइराखेको छ अहिले जुन बाढी पहिरो आदि इत्यादि छ हाम्रो पुरै प्रदेश भरी खासगरी कास्की, पवर्त, बागलुङ, लमजुङ, गोर्खा लगायतका जिल्लाहरूमा त्यो तत्काल जो राहतको व्यवस्था सरकारले गरेको छ मलाई लाग्छ त्यो अपूरो छ । उचित राहतको व्यवस्था र उनीहरूलाई अहिले अस्थायी रूपमा बसोबास गर्ने अवस्था र तो जोखिमपूर्ण रूपमा रहेका जनताहरूलाई स्थायी रूपमा सुरक्षित ठाउमा राख्ने व्यवस्था पनि सरकारले गरोस् भन्ने म चाहन्छु, होइन भने त्यो क्रम जारी रहन्छ । त्यतिमात्र होइन म यहाँ एउटा अर्को अनुरोध गर्न चाहन्छु कि अहिलेको जुन हाम्रो परम्परा छ हामीले टिभी हेऱ्यौ भने मधेस डुबेको देखिन्छ । एउटा गाउँमा एउटा पक्की घर छ सबै फुसका घर छन् । बाढी आयो गयो फेरि अर्को साल पनि त्यही । कमसेकम सरकारले अहिले नै व्यवस्था गर्न सक्यो स्थायी रूपमा अहिलेसम्म जति पैसा खर्च भएको छ सबै जनताहरू पक्की घरमा बस्ने अवस्था हुन्छ । त्योबाट सिकेर प्रदेश सरकारले पनि ती जोखिमयुक्त ठाउँहरूको चयन गरेर एउटैमा हामीले अब एउटा विधिवत मास्टर प्लान बनाएर त्यो जोखिमयुक्त वस्तीहरूलाई सुरक्षित ठाउँमा राख्ने व्यवस्था गरोस् भन्न म चाहन्छु । साथसाथै मेरो आफ्नै  जिल्लामा यो प्रदेश महत्वपूर्ण नारायणी नदी र हाम्रो जिल्ला त्यहाँ नारायणी नदीको कटान खास गरीकन मध्यबिन्दु नगरपालिकाको ३ को रतनपुरा भन्ने ठाउँमा एउटा लज त लइसक्यो अर्को काट्दै छ । अस्ती अन द स्पट हामी गयौं त्यहीबाट मैले भौतिक सचिवज्यूलाई फोन गरे उहाँले २० लाख रूपैयाँ पठाइदिनुभएको छ । म उहाँलाई म धन्यवाद दिन चाहन्छु । नारायणी तटबन्धले ३० र लोकल नगरपालिकाले १५ गरेर ६५ लाखमा त्यहाँ काम हुँदैछ । त्यसले केही हुनेवाला छैन त्यसलाई आपतकालीन रूपबाट अरु रकमहरू पठाइदिन मन्त्रीज्यूलाई यहाँ सभामुखमार्फत अनुरोध गर्न चाहन्छु ।

अको एउटा कुरा राख्न चाहन्छु सभामुख महोदय । मैले पहिलो वा दोस्रो दुवै अधिवेशनमा मैले एउटा कुरो राखेको थिएँ, त्यो के राखेको थिएँ भने । हाम्रो निश्चित रूपमा त्यो काली गण्डकीको विषयमा एउटा कुरा के राखेको थिए शालीग्रामको विषयमा एउटा कुरो के राखेको थिए भने, भूगर्वविद्हरूको भनाई अनुसार के छ भने त्यो इण्डियन करोडौं वर्ष पहिले । इन्डियन र युरोएसियन त्यो टेकिन प्लेटहरू भन्छ, यी दुइटा प्लेटहरू आपसमा जुँधेर ज्योतिषसागर त्यतिखेर त्यो पूरै सागर थियो । त्यो सागरमा यस्तो उथलपुथल आयो त्यो सागर भएको गाउँमा तिब्बतको कथा यता मरुभूमि जस्तो भएको ठाउँमा बर्मादेखिको अफगानिस्थानसम्मको हिमालयको रेन्ज पैदा भयो भन्ने भूगर्वविद्को भनाई छ । त्यही सँगसँगै त्यो टेथिस सागरमा एउटा पानीको धार थियो चिसो जो उत्तरतिर वग्थ्यो त्यो परीवर्तनबाट त्यो दक्षिया बग्यो त्यो हो काली गण्डकी । त्यहाँ पाइने जुन शालिग्रामहरू छन् त्यो धार्मिक रूपबाट हाम्रो महत्व त छँदैछ तर यो के रहेछ भन्दा खेरी करोडौ वर्षको पर्यावरणीय विकासका प्रक्रिया अध्ययन अनुसन्धान गर्ने एउटा माध्यम बन्न सक्ने रहेछ । त्यो के रहेछ भने जीवात्माहरूको अवशेष रहेछ यो कुरो क्यानडाको जलहाउस युनिभर्सिटीले अनुसन्धान गरेर त्यो प्रकाशित गरेको अवस्था छ । यो भन्दा पहिला यो कालीगण्डकी प्रसवण क्षेत्रलाई विश्वसम्पदामा राख्नका लागि केही पहल पनि भएको अवस्था हो । तर त्यता पनि ध्यान गएन । म प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । यदि त्यो भयो भने यो अन्तर्राष्ट्रिय रूपमा यो करोडौ वर्षको पृथ्वीको वनावट र वातावरणका विषयमा अनुसन्धान गर्ने थलो हुन सक्यो भने निश्चित रूपमा प्रदेशलाई ठूलो एउटा उपलब्धी हुन्छ । यस अर्थमा सरकार त्यसतर्फ बढोस् भन्न पनि चाहन्छु ।

सभामुख महोदय, म  अब केही राष्ट्रिय राजनीतिका कुराहरू पनि राख्न चाहन्छु निश्चित रूपमा भारतले हाम्रो लिम्पियाधुरा, कालापानी र लिपुलेखलाई समावेश गरेर जब राजनीतिक, भौगोलिक नक्सा प्रकाशित गऱ्यो । त्यसबाट हामी त्यति सचेत हुन सक्यौ कि सकेनौ । त्यही बीचमा लिपुलेकसम्म जाने सडक उद्घाटन गरेर त्यहाँको परराष्ट्र मन्त्रीले त्यसपछि हाम्रो देशमा एकप्रकारले राट्रियताको एउटा लहर आयो । सारा नेपालीहरू सबै राजनीतिक दल, नागरिक समाज सबैले के भन्यो भन्दाखेरी त्यो हाम्रो भू-भाग अतिक्रमित गरेर नक्सा बनाउन पाइँदैन यस अर्थमा त्यो विरोध हामीले गर्दै गर्दा शुरु शुरुमा सरकारले, स्वयम् प्रधानममन्त्रीज्यूले पनि एउटा उद्घगार व्यक्त गर्नुभएको थियो, नक्साले जमिन आउँछ र ? भनेर प्रतिप्रश्न गर्नु भएको पनि मलाई याद छ तर पछि माहोल पार्टी भित्र देशभित्र सम्पूर्ण यस्तो माहोल बन्यो हामी एकबद्ध भयौं र त्यो नक्सा जारी गरियो र निशाना छाप संविधान संशोधन गरेर गरियो । यो ठूलो उपलब्धी हो । किनभने नेपालकै इतिहासमा यसरी सम्पूर्ण राष्ट्र एक भएको घटना सायदै होला । मधेशवादी दलहरू अग्रपंक्तिमा अएर उहाँहरूले पनि समर्थन गर्नुभयो त्यो अभूतपूर्व राष्ट्रिय एकताको माहोल बनेको थियो त्यो

माहोललाई साथमा लिएर त्यसलाई बिग्रन नदिएर आन्तरिक एकताका साथ दृढ र परिपक्क डिप्लोमेसीका आधारमा भारतलाई भारतबाट फकाई त्यो अतिक्रमीत भू-भागबाट जान बाध्य पार्नुपर्ने हाम्रो जवाफदेहिता थियो तर त्यो हुन सकेन सभामुख महोदय । त्यो हुन सकेन । म उदाहरण दिन चाहन्छु । त्यतिखेरदेखि नै यो कुरालाई प्रधानमन्त्रीज्यूको मात्रै प्रयत्न हो । उहाँले मात्रै गरेको हो कि ? अर्को शब्दमा देवत्वकारण भन्ने चलन छ त्यसरी प्रस्तुत गरेको पनि प्रस्तुत गरियो तर मलाई याद छ पाटीभित्र पनि यो कुराको विरोध भयो । हामीले पनि भन्यौं । यसमा सबैको योगदान छ, सबै मिलेर अगाडि बढ्नु पर्छ र सबै शक्तिहरू एक ठाउँमा राखेर हामी गएनौं भने भारतसँग युद्ध लडेर हामी युद्ध लड्न सक्दैनौं । उसलाई  कन्भिन्स गर्नु भनेको भारतको नागरिक समाज, यहाँको नागरिक समाज दुवै देशका शुभचिन्तक, हाम्रा तथ्य प्रमाणहरू आदि इत्यादिको आधारमा हामी जानुपर्छ भन्ने हाम्रो मान्यता रह्यो । तर त्यतातिर वेवास्ता गरियो । त्यतिमात्रै होइन सभामुख महोदय, त्यही बीचमा एटटा घटना घट्यो । घटना नभनौं एउटा के थियो भने वैवाहिक नागरिकताको एउटा विधेयक थियो त्यसलाई एक्टिभ बनाइयो । म निवेदन के गर्न खोजिरहेको छु भने मधेशवादी दलहरूले एक भएर सरकारलाई, राज्यलाई साथ दिएका थिए । उनीहरूलाई साथमा लिनुपर्नेमा हामीले के गऱ्यौं भन्दा खेरी त्यो विधेयकलाई अगाडि बढाइदियौं । ७ वर्षको डिमार्केशन हाल्यौं त्यो कति वर्ष ठूलो कुरा हो ? ठूलो कुरो के हो भनेदेखि हामीले त्यसबाट कहाँ चोट पुऱ्यायौं भन्ने कुरा । नेपालमा जबदेखि नागरिकताको कुरा चल्यो, संवैधानिक र कानूनी व्यवस्था जबदेखि भइराखेको थियो । खासगरीकन राजा महेन्द्र पञ्चायतको कालमै पनि कायम रहेकै त्यो व्यवस्था हो । ०६२/६३ को आन्दोलनबाट ०७२ को संविधान आयो । त्यसले दिएको अधिकारी, त्यसको मर्म र नागरिक ऐन २०६३ को विपरित राजनीतिक, सामाजिक, सांस्कृतिक भावनाकै विपरितमा यो आयो भन्ने कुरा निश्चित देखिन्छ । यो कहाँ जोडिएको छ ? एउटा यदि हामीले इन्डियाले अभियान स्वरूप भारतीय नारीहरूलाई नेपालमा विवाह गर्न पठाउँछन् त्यो विवाह गरेको भोलिपल्ट फिजीकरण हुन्छ भन्ने व्याख्या गर्ने हो भने अलग पाटो हो होइन भने मेरो छोराले एउटा चाइनिज विवाह गर्ला अर्को कसैकाले अमेरिकन गर्ला र त्यो भन्नु र मधेशका जनताहरूले र इन्डियाका जनताहरूका बीचको रिलेसन फरक कुरा छ । आज मावली त्यहाँ छ, ससुराली त्यहाँ छ उनीहरूले बनाएको होइन, मावली कसैले आफूले बनाउने कुरा होइन तर अहिले कतिखेर आएर भने जतिखेर इण्डियालाई इण्डिया यसै पनि हामीसँग टेडिएकै छ र इन्डियासँग लडेर भन्दा पनि कन्भिन्स गरेर एउटा लजिकका आधारमा, प्रमाणका आधारमा हामीले हाम्रो भू-भाग लिनैछ । त्यहाँनिर उसलाई पिन्च हुने यी कुराहरू कसरी आए ? यति मात्रै होइन, मधेशवादी दलहरू यति जिल्ला हामीले सही मानेमा गर्न सकेनौं भने त्यहाँ पृथकतावादी अवस्था हावी हुन सक्ने अवस्था छ । त्यसो भएको हुनाले जुन यो विभेदले

यसले के देखाइरहेको छ भने हामी कता गइरहेका छौ त भन्न खोज्या हो । यो बेला प्रधानमन्त्री जिम्मेवारी पूर्ण तरिकाले यो अहिले नलेऊ, अहिले राख भनेर सबैलाई साथ लिनुपर्नेमा अब त्यो इरिटेड गर्ने काम भइराखेको छ यो पनि एउटा सोचनीय छ । निश्चत रूपमा मलाई स्वीकार छ, मूल भन्ने कुराले काम गर्छ । भूटानमा नेपालीभाषीहरूमाथि केही हुँदै गर्दा, इन्डियामा नेपाली भाषी  नेपाली मूलहरूमाथि केही हुँदै गर्दा निश्चित रूपमा नेपाल सरकार सशंकित हुन्छ । त्यस्तै यो संविधानले स्वीकारेको अवस्था छ । मधेश मधेशी भन्दा हिजोसम्म हाम्रो व्याख्या थिएन । हिजोसम्म त मधेशमा जो बस्यो मधेशी तर अहिले मधेश भन्नाले मैले जति सुकै दशपुस्ता मधेश बसे पनि मधेशी कोटामा म आउन सक्दिन । यो भनेको के हो भन्दा त्यसले एउटा डिमार्केशन गऱ्यो । त्यो चिजलाई हामीले नजरअन्दाज गऱ्यौं भने त्यो कहाँ गएर ठोक्किन त्यो बढो गम्भिर कुरा हो । मलाई आश्चर्य के लागिरहेको छ भने यो गम्भिर अवस्थामा प्रधानमन्त्रीज्यूले जिम्मेवार पूर्ण तरिकाले अगाडि बढ्नुको बजाय उहाँले यस्ता विवादास्पद कुराहरू गर्नु भएको छ । जस्तो त्यही छलफलकै क्रममा जवाफ दिँदै गर्दा उहाँले सत्य मेव जयते होइन, यो सिंह मेव जयते हो । इन्डियाको यो निशान छाप, जति हामीलाई हाम्रो प्यारो छ । सूर्च चन्द्र हाम्रो प्यार हाम्रो त्यो हो, त्यो माथि हाम्रो कसैले कमेन्ट गऱ्यो भने के हुन्छ ? त्यसैले मुलुकको प्रधानमन्त्रीले सिंह मेव जयते हो भनेर बोलिदिनुभयो वहाँले त्यसको असर के भयो ? त्यो हामीलाई थाहा छ, त्यतिले पुगेन मदन भण्डारी फाउण्डेशनमा गरेको कार्यक्रममा उहाँले भन्दिनु भयो, मलाई भारतले हटाउन खोजेको छ, हाम्रै नेताहरू पनि त्यहाँ लागेका छन् भनेर भन्नुभयो । एउटा प्रधानमन्त्री दुई तिहाइ बहुमतसहितको प्रधानमन्त्रीले । त्यो प्रधानमन्त्रीले यदि सही मानेमा इन्डियाले हटाउन खोजेको हो भने उहाँले दम राख्न सक्नुपर्थ्यो राजदूतलाई बोलाएर स्पष्टीकरण माग्ने नभए  ब्याक गर्ने, त्यो चाही गर्न सक्नुभएन । तर बोल्दिनुभयो त्यसले के असर पऱ्यो म यही प्रश्न गर्न चाहन्छु सभामुख महोदयमार्फत् । पाटीको भित्रको कुरामा म जान चाहन्छ । दलका नेताहरूले एक महिनासम्म आजसम्म बैठक यी कायातिर नजाउ हामीले सबै बुझेका छौं । तर एउटा राष्ट प्रमुख, एउटा सरकार प्रमुखले जुन जिम्मेवारी निभाउनुपर्ने हो त्यो उहाँले सक्नु भएको छैन । यसले कहाँ लगिरहेको छ देशलाई । त्यतिमात्रै भएन फेरी भानु जयन्तीमा अर्को दिन भयो वहाँले रामको जन्म थलो पर्साको अयोध्यापुरी हो । इन्डियाले त नक्कली बनाएर ल्यायो । यदि अयोध्यापुरी नै हो भने त्यसका प्रक्रिया होलान् अहिलेसम्म त्यो कुरा भएन अहिले नै किन भन्नुपऱ्यो ? त यसले के बुझिन्छ भने मुलुक कता जाँदै छ ? मुलुक हाक्ने, हाम्रो स्टेरिङ समात्ने सम्माननीय प्रधानमन्त्रीज्यूले मुलुक कता लैजाँदै हुनुहुन्छ त्यो एउटा गम्भिर कुरा छ । र आज हामीले सोच्नुपर्ने अवस्था छ । यदि हामीले हाम्रो भूअवस्थितिलाई विचार गरेर अगाडि बढ्न सकेनौं भने हामी एउटा दुर्घटनामा पनि पर्न सक्छौं । मुलुक संकटमा पनि पर्न सक्छ भन्ने कुरो इतिहासबाट पनि

हामीले सिक्नुपर्छ । हाम्रो छिमेकीबाट पनि हामीले सिक्नुपर्छ । म छोटो दृष्टान्त दिन चाहन्छु । हामीले यसलाई अफगानस्थानलाई लिन सक्छौं । अफगानस्थान हाम्रो जस्तो पहाडी भूभाग, हाम्रो जस्तै गोर्खा बहादुर भने जस्तै अफ्गाानी बहादुर हामी जस्तै कहिल्यै पनि कोलोनीमा नगएको देश, जहाँ राजा थिए राजालाई फ्याकियो ७३ मा । कसरी फ्याकियो भन्दा खेरी उनका भतिजालाई अगाडि ल्याएर शोभियत संघमा तालिमप्राप्त सेनाहरूले राजालाई मारे दाहुत भन्ने भतिजालाई सरकार बनाए । दाहुतको माध्यमद्धारा शोभियत संघ भित्र पस्न थाल्यो, डस्न थाल्यो त्यो बुझ्ेर दाहुतले अलिकति के प्रतिकार गर्दै थियो दाहुत मारिए त्यो क्याविनेट सब समाप्त भयो । त्यसपछि त्यही बीचमा त्यहाँ पनि दुइटा कम्प्युनिष्ट पार्टी जन्मे, एउटा ठाल्ट भन्ने एउट पाल्सन भन्ने । शोभियत संघले ती दुइवटै कम्प्युनिष्ट पाटीलाई मिलाएर एउटा शिक्तशाली बनाइदियो र दाहुत मारिसकेपछि नुर मुहम्मत तरकि भन्ने उसलाई प्रधानमन्त्री बनाइयो, राष्ट्रपति, प्रधानमन्त्री, महासचिव बनाइयो । सम्पूर्ण अधिकार उनलाई दिएपछि छ महिनापछि उसको पनि हत्या भयो । त्यसपछि नजिउल्लाह अली भन्ने आए त्यसलाई पनि हत्या गरियो । त्यो बेलासम्म एकातर्फ अफगानिस्थानमा एकातर्फ कम्युनिष्ट धुर्वीकरण, एकातिर ननकम्युनिष्ट धुर्वीकरण । एकदम यो बढ्दै जाँदै गर्दा पाकिस्तानसँग उनीहरूको सीमा विवाद त थिँदै थियो । अनि त्यसपछि त्यस्तो स्थिति । बाबरा करमालको बेलामा सोभियत संघबाट एक लाख सेनाहरू आएर १० वर्षसम्म त्यहाँ लाखौं मान्छे मारामार भयो । अन्त्यमा रुसी सेना फर्किन पर्‍यो । अहिले त्यहाँ इस्लामिक लडाकुहरू उत्पन्न भए त्यसपछि देख्नु भएकै छ विन लादेन । हैन आजसम्म पनि अफ्गानिस्थानमा त्यो चिजको अवस्था छ भने हाम्रो देश एउटा छिमेकीसँग तपाई कोट्याइकोट्याई कोचल्नु हुन्छ, अर्को छिमेकीसँग मन्त्रीज्यू, उपप्रधानमन्त्रीज्यूहरू पनि प्रशिक्षण लिने यो अस्वाभाविक किसिमले जुन धुर्वीकरण भइरहेको छ एकातर्फ इन्डिया, अमेरिका एमसीसी अनुमोदन भएन इन्डियासँग त्यो छ, अब हामी यस्तो किसिमको अब सबै चिज उत्तरतिरबाट हुन्छ कि ? भन्ने किसिमको जुन माहोल बनेको छ यो देशका लागि एकदमै दुर्भाग्यपूर्ण हुन्छ भन्ने आशंका उब्जेको यस अवस्थामा मैले फेरि पनि भन्न चाहन्छु वास्तवमा भन्ने हो भने, जुन रूपले हाम्रो नेपालमा पनि एकाएक हाम्रो कम्युनिष्ट पार्टीको एकता भयो, एकदम शक्तिशाली सरकार यहाँ छ । यहाँभित्र शक्ति संघर्ष चलिरहेको अवस्था छ । दक्षिण छिमेकीसँग एकदम तिक्तता बढ्दै गएको अवस्था छ । एकापट्टी भने अर्को छिमेकीसँग पाटीगत मात्रै भाइचार होइन, सरकारको पनि यस्तो भइसकेको छ मानैं राजदूत घरघर गएर कन्भिन्स गरेपछि भोलिपल्ट ठीक भैहाल्छ । सबै जो देखिएको छ यसले मुलुक कतातर्फ गएको छ र प्रश्न उठाएको छ । यसो भएको हुनाले यति मात्र होइन, यति भएर पनि सन्तोष भएको भए हुन्थ्यो सबै असन्तोष भएको छ । यसमा गम्भिर रूपमा एउटा असन्तोष बाहिर आएको अवस्था छ । यो अवस्थाबाट अगाडि बढ्नका लागि म

सभामुखमार्फत केन्द्रीय सरकार खासगरी सम्मानीय प्रधानमन्त्रीज्यूलाई भन्न चाहन्छु । कि त्यो हैसियत, क्षमता, दूरदर्शीता राखेर अगाडि बढ्नुहोस् अन्यथा इतिहासले भोलि क्षमा गर्नेछैन भन्ने मलाई लाग्दछ । यिनै कुराहरू राख्दै मैले धेरै कुरा नगरिकन प्रदेश सरकारसँग यत्तिमात्र मलाई भन्न छ सभामुखमार्फत त्यो भनेको के हो भने भोलिका दिनमा निष्पक्षतापूर्वक सबै चिज चाहे ती राहत वितरणका कुरा हुन्, म अहिले पनि अनुरोध गर्न चाहन्छु । हामीले धेरै प्रतिष्ठानहरू, विविध ऐनहरू ल्याएका छौं । जहाँ चाही उही परम्परा माथि जे थियो त्यस्तै भर्ती केन्द्रको रूपमा लाने जुन कुरो छ त्यसलाई यो नजीरका रूपमा यो सरकारले सन्तुलित रूपबाट मिलाएर अगाडि जाओस् भोलि कोरोनासँग लड्नुपर्ने यो अवस्थामा भोलि यो आर्थिक उत्थानमा ल्याउनु पर्ने यो अवस्थामा कसमेकम सरकारले सबैलाई समेटेर गण्डकी प्रदेश सरकार सिंगो प्रदेशलाई समेटेर हिँडेको छ भन्ने सन्देश दिन सकोस् भन्न चाहन्छु । र अन्त्यमा म सभामुखज्यूमार्फत् केन्द्रीय सरकारलाई दुइटा कुराहरू अपिल गर्न चाहन्छु । एउटा स्व. पुष्पलालजीको एउटा वाक्य छ त्यो स्मरण गराउन चाहन्छु, राजनीति जाल, झेल होइन, सिद्धान्त, संगठन संघर्षले निर्देशित गरेको यात्रा हो । उहाँकै संस्थापक नेताले भन्नुभएको कुरालाई यो सरकारले कमसेकम दिमागमा राखोस् । त्यस्तै तो व्यक्ति जसले चीनलाई पनि त्यसरी नै साइजमा राखेको थियो, नेहरूलाई पनि, चाइनालाई पनि । त्यो व्यक्ति वीपी कोइराला । तो व्यक्तिको एउटा भनाइ छ, त्यो पनि म उद्धित गर्न चाहन्छु, हाम्रा छिमेकीहरूलाई चिढाउने काम हामीहरूले गर्नु हुँदैन म जहिले पनि जोड दिन्छु चीन र भारतको मित्रता होस भनेर । हिन्दूस्थान वा चीनमा निर्भर रहेर कोही यहाँ राजनीति गर्न चाहन्छ भने त्यो सफल हुँदैन । वीपी कोइराला यिनै दुई वटा उक्तिहरू कमसेकम हेरेर भोलिका दिनमा अगाडि बढोस् भन्दै मेरा भनाइहरू यही बन्द गर्न चाहन्छु धन्यवाद ।

जय नेपाल !

**माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीय सदस्यहरूको क्रम यही समाप्त हुन्छ ।** आजको कार्यसूचीमा रहेको संकल्प प्रस्ताव उपरको छलफल कार्यसूचीबाट हटाइएको छ । माननीय सदस्यहरू, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई विधायन समितिको प्रतिवेदनसहित प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय सभामुख महोदय,** माननीय सभामुखज्यूको अनुमतिले मिति २०७७ साल असार २३ गते बसेको सम्मानित सभाको बैठकमा प्रस्तुत भई मिति २०७७ साल असार २५ गते दफाबार छलफलका लागि विधायन समितिमा पठाइएकोमा प्रदेश विकास समिति सम्बन्धमा

व्यवस्था गर्न बनेको विधेयक समितिबाट प्रतिवेदनसहित प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ क बमोजिम समितिको प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद

**अब म उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु :**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब विधायन समितिको प्रतिवेदनसहितिको प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहुनु हुने माननीय सदस्यहरूको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।** त्यसपछि माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी ।

**माननीय सभामुख महोदय,** आज म गण्डकी प्रदेशको सम्मानित सभामा प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसम्बन्धी दफाबार छलफलका क्रममा छु । यतिबेला केही महिना यता कोरोनाको कहरका कारण जुधिरहेका हामी सबै नेपाली, केही समय अघि देखिबाट अविरल वर्षाका कारण ज्यान गुमाउनु हुनेप्रति हार्दिक समवेदना प्रकट गर्दछु र घाइतेहरूप्रति शीघ्र स्वास्थय लाभको कामना गर्दछु । मृतकका परिवारजनमा गहिरोसमवेदना व्यक्त गर्दछु । यस विनासबाट भएको क्षतीको उचित मूल्यांकन गरी व्यवस्थापन गर्न सरकारलाई अनुरोध गर्दछु । यतिबेला मौसमविद्हरूले पनि भनिरहेका छन् बाढी र पहिरो अझै बढी हुँदै छ । सबै जनसमुदायहरूलाई उच्च सतर्कता अपनाउनु हुन यस सम्मानित सभामार्फ्त अनुरोध गर्न चाहन्छु र यतिबेलाको यो अप्ठ्यारो परिस्थितिमा जनताले संघीयताको मर्म आत्मसात गरेको महसुस गरेको छु ।

सभामुख महोदय, आज मलाई अत्यन्तै खुसी लागेको छ कि गण्डकी प्रदेशको सरकारका माननीय मन्त्री हरिबहादुर चुमानज्यूले सभासमक्ष प्रदेश विकास विदेयक ल्याएर गण्डकी

प्रदेशको विकासको साँचो खोल्नु भएको छ । यसर्थ उहाँ र उहाँको टिमलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । सभामुख महोदय, यो विधेयक भित्र १० वटा बुँदाभित्र रहेर आएको यो विधेयक, समिति गठन, नाम, काम, कर्तव्य, अधिकार, कोषको व्यवस्थापन, नियमनकारी निकाय कर्मचारी व्यवस्थापन गरी खातासमेत सञ्चालन गर्ने गरी आयश्रोतकोसमेत पहिचान गरी व्यय व्यवस्थित गर्नसमेत सुपरीक्षणकोसमेत व्यवस्थापन गरेको छ । दफा ३ अन्तर्गत समिति गठनका विषय, उपदफा १ मा यसमा व्याख्या गरेको छ कि, प्रदेश सरकारले उचित वा आवश्यकता ठह-याएमा कुनै विकास योजना या भाषा संस्कृतिलगायतका सामाजिक क्षेत्रका विकास कार्य शीघ्र र व्यवस्थित रूपमा सञ्चालन गर्न सूचीत आदेशसमेत व्यवस्था गरेको छ । उपदफा २ (१) ले बोलेको छ काम, कर्तव्य, अधिकारको बारे र अन्य व्यवस्था सूचीत आदेशमा तोकिए बमोजिम भनेर ।

सभामुख महोदय, अनि दफा ४ (१) ले यो समिति अविछिन्न उत्तराधिकारवाला संगठीत संस्था हुनेछ भनेको छ । २ मा उल्लेख भएको छाप, यसको छाप आफ्नै बनाएर आफ्ना क्रियाकलापहरुलाई अगाडि बडाइने भनेको छ । यसैगरी ३ मा प्रचलिन कानून बमोजिमव्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न बेचबिखन गर्न वा अन्य किसिमले पनि व्यवस्था गर्न सकिने भनेको र यो समितिले पूर्ण रूपमा प्रदेश सरकारार्फत नेपाल सरकारको स्वीकृति लिई काम गर्ने समेत उल्लेख छ । बुँदा नं. ४ ले भनेको छ व्यक्ति सरह करार गर्न र करार बमोजिम व्यक्ति सरह काम गर्न र दायित्व निर्वाह गर्न सक्ने भनेको छ । उपदफा ५ को उपदफा ५ ले समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर लाग्न सक्ने भनेको छ । यस अर्थ पनि यो विधेयक आवश्यक थियो र आयो । यस सन्दर्भमा यो विधेयक असाध्य महत्वपूर्ण महसुस गरेको छु । दफा ५ को बुँदा १ मा कोषको व्यवस्था गरेको छ । ६ (२) को उपदफा १ मा विभिन्न सरोकारवालासँग कोषको व्यवस्थापन गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विदेशी सरकार, दातृसंस्था, संघसंस्था वा व्यक्ति, दानदातप्यबाटको आम्दानी र अन्य कुनै श्रोत भनी व्याख्यासमेत गरेको छ ।

सभामुख महोदय, बुँदा नं. ३, उपदफा २ को खण्ड ख मा विदेशी सरकार वा संघसंस्था वा व्यक्तिबाट पाएको सहयोग प्राप्त गर्नुपूर्व समितिले प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिने विषय पनि महत्वपूर्ण छ । बुँदा नं. ४ कोषको रकम समितिले तोकेको बैंकमा जम्मा गर्नेसमेत विषय उल्लेख गरेको छ । ६ नं. बुँदामा सबै खर्च उपदफा १ बमोजिम गर्ने भन्ने महत्वपूर्ण निर्णय पनि गरेको छ । ६ नं. अन्तर्गतको १ मा समितिको आयव्ययको लेखाजोखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली र २ मा अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट गर्ने विषय महत्वपूर्ण छ । ७, १ मा यो समिति व्यवस्थित

गर्न कर्मचारी करारमा नियुक्ति गरी काम, कारवाही अगाडि बढाउने भन्ने विषय महत्वपूर्ण छ । कर्मचारी नियुक्ति गर्दा लोकसेवा आयोगबाट स्वीकृति भएका सिद्धान्त बमोजिम गर्ने भन्ने विषय पनि महत्वपूर्ण रहेको छ ।

उपदफा ३ अन्तर्गत १ मा उल्लेख गरेको छ कि प्रदेश सरकारले समितिको कार्य सञ्चालनका लागि निजामति कर्मचारीसमेत खटाउन सक्ने व्यवस्था गरेको छ । यसैले पनि यो विधेयक महत्वपूर्ण छ । बुँदा नं. ८ मा समिति विघटनबारे १ को यो समितिको आवश्यकता नरहे गण्डकी प्रदेश सरकारले नै सूचीत आदेशद्धारा विघटन विघटन गर्न सक्ने भनेको छ । विघटिन समिति अन्तर्गतको चलअचल सम्पत्ति स्वतः प्रदेश सरकारको स्वामित्वमा आउने र समितिले लिएका ठेक्का पट्टासमेत सरकारसँग लिएको मानिने विषय अझ महत्वपूर्ण मानेकी छु । कर्मचारीहरूकोसमेत स्वतः करार अन्त हुने भन्ने विषय पनि उल्लेख गरेको छ । यसैले पनि यो विधेयक महत्वपूर्ण छ । सभामुख महोदय, सानो एउटा सुझावको रूपमा यो विधेयक साँढे २ वर्ष भइसकेको छ प्रदेश सरकारको स्थापना भएको । यो विधेयक महत्वपूर्ण विधेयक प्रदेशकै विकासका लागि कामयावी विधेयक अल्लि पहिला ल्याउन पाएको भए अल्लि राम्रो हुने थियो भन्ने लागेको छ । मैले थोरै के विषय राख्न चाहन्छु भने अघिनै पनि विषय उठिसकेको छ । भोलि श्रावण ६ गते महामानव वीपी कोइरालाको ३८ औ स्मृति दिवस उहाँप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु । यसैगरी नेकपाका संस्थापक अध्यक्ष पुष्पलाल श्रेष्ठज्यूको पनि ४२ औं स्मृति दिवस श्रावण ७ गते परेको छ उहाँप्रति पनि म हार्दिक समवेदना व्यक्त गर्न गर्दछु । जो उहाँहरू जीवित हुनुहुन्छ मरेर पनि उहाँहरू जीवित हुनुहुन्छ उहाँहरूप्रति हार्दिक नमन, हार्दिक सम्मान गर्दै मेरो व्यक्तिगततर्फबाट र मेरो दलकातर्फबाट विधेयकका हरेक बुँदा-बुँदामा सहमतिका साथ मेरो भनाइ अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।** त्यसपछि माननीय सदस्य मधु अधिकारी गुरुङ ।

सभामुख महोदय, आज बाढी पहिरोबाट धेरैको मृत्यु भएको छ हार्दिक श्रद्धाञ्जली प्रकट गदै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आज हाम्रो कोरोनाबाट बिथथिलिएको देशलगायत विश्व तै पनि आज विधेयक आयो । विधेयकमा धेरै पढियो तर यो विधेयक कुन समयमा आउन पर्थ्यो, कहाँ समय सन्दर्भ हो कि होइन त्यो पनि बुझ्ने बेला आएको छ । मलाई लागेको छ त्यो विधेयकलाई हामीले गहन रूपमा सोच्नुपर्छ त साथीहरूले भन्नुभयो सभामुख महोदय आज हामी कता गण्डकी प्रदेशको सरकारले नै काम नपाएर अलमलिएर बसेको बेला फेरि यो विधेयक आएको छ । आम्दानी श्रोत नभइकन आएको छ यो विधेयक

मलाई अचम्म लागेको छ तर यो विधेयकमा आम्दानी चालु वर्षको आम्दानी कति भयो र आउने वर्ष आम्दानी कति छ, त्यसको लेखाजोखा नगरिकन आएकोमा मलाई चिन्ता लागेको छ विकास, समिति विकास हुनुपर्छ, विकास समिति मलाई एउटा डर चिन्ता पनि लागेको छ । कता गण्डकी प्रदेश यो विधेयक सँगसँगै पार्टी कार्यालय त बन्दैन सभामुख महोदयमलाई चिन्ता लागेको छ, किनभने यो विधेयकमा खाली सुनिन्छ, त्यहाँ पढ्दा आफ्नो नजिकका, आफ्नै साथीहरूलाई भर्ती गर्ने त होइन ? भन्ने चिन्ता लागेको छ त्यो नहुन सरकारलाई आग्रह गर्छु । यथार्थमा जो मान्छे आफू सक्षम छ, जो मान्छे इमान्दारी छ, त्यो मान्छेलाई भर्ती गरिदिनुहुन पनि आग्रह गर्दछु । किनभने आज चलन छ हामी विधेयकको नाममा अगाडि बढेका छौं देखिन्छ यहाँ अस्ति मात्रै एउटा आस्थाको धरोहर हाम्रो विभिन्न ठाउँहरूमा देखिन्छ कुराहरू आएका छन् धेरै म सबै कोट्याउन लागिन सभामुख महोदय, तर मलाई एउटा चिन्ता मात्रै के भएको छ भने अचानक विधेयकको नाममा यो अहिले यो पीडा भएको क्षण फेरि अल्मलिएर विधेयकतिर मात्रै हाम्रो ध्यान जाने त होइन भनेर चिन्ता लागेको छ सभामुख महोदय । यहाँ हामी भन्ने गरेका छौं विधेयकलाई टोटल्ली नराम्रो भन्न हाम्ले नहोला तर पनि विधेयकलाई सच्चा र इमान्दारीपूर्वक लागू होस् यो विधेयकमा धेरै कुराहरू समेटिएका छन् तैपनि तो समेटिँदा समेटिँदै पनि हामी प्रतिपक्षमा रहने र सरकारमै बस्ने साथीहरूले पनि भन्नुहुन्छ कता यो अप्ठ्यारो अवस्थामा आएको विधेयकले फेरि सरकार धान्न त गाह्रो हुँदैन ? फेरि भर्ती मै मात्र सीमित त हुँदैन ? भन्ने चिन्तामा अलमलिएको छ । यसलाई कमसेकम गण्डकी प्रदेशहो भन्ने नमूना बनाउने प्रयत्नमा लागोस् र गाउँमा रोइरहेको दर्द घाउलाई विधेयकको नाममा मात्रै हामी छलफल गरेका छौं । स्यानो कुराले अलमल्याएको छ गाउँमा । बाढी पहिरोले जोखिम भएको छ, खान नपाएका छन् त्यो सँगसँगै विधेयकमा अल्झिएर त्यसलाई पछाडि नपारोस्, नपारियोस् भन्ने म सभामुखमार्फत् सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद, जय नेपाल !

**माननीय सदस्य श्री मधु अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय आन्तरिक मामिला मन्त्रीज्यूले असार २३ गते यस गरिमामय सदनमा जो विषयवस्तु गण्डकी प्रदेश विकास समिति प्रस्तुत गर्नुभयो र २५ गते दफाबार छलफलका लागि यो समितिमा विधायन समितिमा पठाएर आज हामी दफाबार छलफलमा गइराखेका छौ । यतिबेला गत असार २५ गतेबाट यो गण्डकी प्रदेशलगायत देशभरि भिषण वर्षा आइराखेको छ र २५ गतेबाट यता गण्डकी प्रदेशमा लमजुङ जिल्लामा ३ जनाको मृत्यु भएको छ । ३ जना घाइते उपचारको क्रममा हुनुहुन्छ र गण्डकी प्रदेशमा मृत्यु हुनेहरूप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । त्यसैगरी जो घाइते हुनुहुन्छ र

उपचारको क्रममा हुनुहुन्छ उहाँहरूको स्वास्थ्य शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । त्यसै गरी लमजुङ जिल्लामा सयौं घर अहिले विस्तापित अवस्थामा हुनुहुन्छ र गण्डकी प्रदेशभरी जो विस्तापन भएर बाढीपीडित अवस्थामा जो रहनु भएको छ । म माननीय सभामुख मार्फत् छिटो भन्दा छिटो राहत र बसोबासको व्यवस्था होस् भन्ने कुरा प्रदेश सरकार सभामुखमार्फत् प्रदेश सरकारलाई अनुरोध गर्दछु ।

**माननीय सभामुख महोदय,** प्रदेश विकास समिति गण्डकी प्रदेशको दिगो विकास लक्ष्य पूरा गर्नका लागि एउटा सहयोगीको भूमिका निर्वाह गर्दछ । साथै सुखी नेपाली, समृद्ध नेपालको सोच प्राप्तिका लागि यो विधेयक महत्वपूर्ण र कोशेढुंगा सावित हुनेछ । यहाँ प्रस्तावनामै प्रष्ट पारिएको छ र प्रस्तावनादेखि ११ वटा बुँदामा यसको संक्षिप्त नाम परिभाषा, समिति गठन गर्ने, प्रदेश सरकारको अधिकार, सठित संस्था हुने, समितिको कोष, लेखा, लेखा परीक्षण, समितिका कर्मचारीसम्बन्धी व्यवस्था, समितिको विघटन, आवश्यक निर्देशन, समय नियम बनाउने, अधिकार प्रत्याभूति गर्ने, बचाउ गर्ने जस्ता जो विषयवस्तुहरू असाध्यै सानो र खँदिलो ढंगले प्रस्तुत गरिएको छ । यो विधेयक त्यो मानेमा पनि ऐतिहासिक छ, महत्वपूर्ण छ भन्ने कुरा म राख्न चाहन्छु । र यो सन्दर्भमा म र मेरो दल नेपाल कम्युनिष्ट पाटी नेकपा यसको पूर्ण समर्थन रहेको कुरा पनि म जानकारी गराउँछु ।

**माननीय सभामुख महोदय,** यो विधेयकको प्रस्तावनामा नै प्रष्ट बोलेको छ, सामाजिक न्यायसहितको तीव्र र दिगो आर्थिक विकास लक्ष्य हासिल गर्न प्रदेशका विकास योजना तथा भाषा, संस्कृतिलगायतका सामाजिक विकास कार्यलाई शीघ्र र व्यवस्थित रूपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न आवश्यक रहेको रहेको छ तसर्थ यो विधेयकको आवश्यकता छ भन्ने कुरा प्रष्ट पारिएको छ । नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको हुने व्यवस्था गरिएको छ भने नेपालको संविधान धारा ५७ मा तिनै तहको राज्यशक्तिको बाँडफाँड गरिएको छ । गण्डकी प्रदेश आफैमा यस्तो प्रदेश हो, जहाँ हिमाल छ, पहाड छ, तराई छ उत्तरमा चीन छ, चीनसँग जोडिएको छ । दक्षिणमा बेनीत्रिवेणी गाउँपालिका जहाँ विभिन्न जातजातिहरू बसोबास गर्छन् । आ-आफ्नो धर्म, संस्कार, संस्कृति छ, रीतिरिवाज चालचलन छ । गौतम बुद्ध जन्मिएको एउटा ऐतिहासिक ठाउँ पनि यहाँ छ । त्यसैगरी पशुपतिलगायतका थुप्रै मठ मन्दिरहरू यो ठाउँमा छ । यो सानादेखि ठूलासम्मका ऐतिहासिक, पुरातात्विक, जातजातिका भग्नावशेषहरू, सांस्कृतिक छटाले मनोरम स्थलहरू, तालतलैया, कोट आदि यी स्थालहरू कतिपय संघीय सरकारले आफ्नो स्वामित्वमा लिएर सञ्चालन गरेको छ भने कतिपयको खोज अनुसन्धान गर्दै, मर्मत गर्दै, निर्माण गर्दै र प्रदेशको सम्पत्तिको रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ ।

माननीय सभामुख महोदय, प्रदेशको अर्थतन्त्रको आधार पर्यटन, पूर्वाधार भनी नीति तथा कार्यक्रम प्रस्ट बोलेको छ । तसर्थ सांस्कृतिक विविधता एवम् प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस प्रदेशमा रहेका यस्ता ऐतिहासिक, धार्मिक सांस्कृतिक विषयलाई व्यवस्थित गर्न र पर्यटनसँग जोड्न आवश्यक छ । मन्दिरमा पर्यटन, मठमा पर्यटन, सङ्ग्रहालयमा पर्यटन, गाउँदेखि शहरसम्म पर्यटन, कृषि उर्जा उद्योग आदि सँगसँगै पर्यटनसँग जोडेर यो विधेयक जो छ यो विधेयकलाई पर्यटनसँग जोड्दै अगाडि बढ्नको निम्ति पनि यो विधेयक अत्यावयक छ । र यहाँ समिति बनाउनेदेखि कर्मचारीको व्यवस्था गर्ने कुरा, समितिलाई आवश्यकतानुसार फेरि विघटन गरेर अगाडि बढ्ने कुरामा पनि यो विधेयक प्रष्ट बोलेको छ । तसर्थ माननीयज्यूहरूले जो यो समितिहरू बनाउँदा खेरी यहाँ कतै कार्यकर्ता भर्ती गर्ने केन्द्रका रूपमा हुन्छ कि भन्ने लागेको छ मैले सैद्धान्तिक विषयमा पनि बोलेका थिए । यो कार्यकर्ता भर्ती गर्ने ठाउँ नभइकन गण्डकी प्रदेशको विकासका निम्ति एउटा सक्षम विधेयक बनेर अगाडि बढ्ने छ । सन्तुलित ढंगले अगाडि बढ्नेछ र आर्थिक संवृद्धिको निम्ति यो विधेयक सही छ भन्ने लाग्छ । तसर्थ यो विधेयक जो अहिले दफाबार विधायन समितिमा पास भएर छलफल भएर दफाबार छलफलमा आउँदै गर्दा खेरी यो पूर्ण रूपमा सक्षम छ भन्ने पनि मैले अनुभूति गरिराखेको छु । एकपटक अन्त्यमा एक पटक शहीदहरू गुमनाम हुन सक्छन्, बेपत्ता हुन सक्छन् तर इतिहास, इतिहास नै हो कसैले मेटाएर मेटिन सक्दैन महान् नेता वीपी कोइरालाप्रति हार्दिक श्रद्धाञ्जली गर्दछु । त्यसैगरी नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलालप्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूले देखाएको बाटोमा निरन्तर अगाडि बढ्ने प्रतिबद्धतासहित विदा हुन्छु, धन्यवाद ।

**माननीय सदस्यहरू,** अब म आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुरोध गर्दछु ।

**माननीय सभामुख महोदय,** प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफाबार छलफलको सन्दर्भमा उठेका प्रश्नहरूको जवाफ दिन उभिएको छु । पहिलो कुरा यो विधेयक यति बेलै किन आउनु पर्‍यो ? यो समय सान्दर्भिक भयो भएन भन्नेबाटै शुरु गरौं भन्ने लाछ । सैद्धान्तिक छलफलमा पनि यो भए पनि हुने, नभए पनि हुने भन्ने पनि प्रश्न उठ्या थियो । अब त्यसको पनि एकैसाथ, त्यसलाई पनि एकैसाथ स्पष्ट पार्न उपयुक्त हुन्छ भनेर म यो विषय राख्न गइराखेको छु । यस्तो यो विकास समिति प्रदेश सरकारले विकास समिति गठन गर्नको लागि क्याविनेटबाटै गठन आदेश जारी गरेको थियो । र त्यो गठन आदेशकै आधारमा केही समितिहरू जुन बने त्यो गठन आदेशकै आधारमा बने । अब पनि बन्न सक्थ्यो केही समय तर क्याविनेटबाट अर्थात सरकारले पारित गरेको

गठन आदेशकै भरमा लामो समयसम्म यस्ता विकास समितिहरू गठन गरिरहनु उपयुक्त हुन्न र ऐन बनाएर नै, कानून बनाएर नै यसको गठन आदेश गर्ने गर्नुपर्छ । अर्थात् विना कानून गठन आदेशकै भरमा यस्तो काम गरिराख्नु हुँदैन अर्थात विकास समितिहरू गठन गरिरहनु हुँदैन भनेर नै हामीले यो विधेयक ल्याएका छौं । यो विधेयक ल्याएर हिजोका कामहरू हिजो क्याविनेटबाट जुन गठन आदेश पारित गऱ्यौ र त्यसैका आधारमा समिति गठन गऱ्यौ र ती कामहरू पनि यसै ऐनबाट मान्य हुने गरी यो विधेयक ल्याएका छौं । त्यसकारण यसको उत्तर मैले जुन चर्चा गरे मुख्य उद्देश्य, मुख्य कारण लामो समयसम्म क्याविनेटको निर्णयबाट अर्थात सरकारको निर्णयबाट मात्रै यस्ता कामहरू गरिराख्नु हुँदैन । यसको निम्ती ऐन बनाउन जरुरी हुन्छ अनिवार्य हुन्छ त्यसै कारण प्रदेश सरकारले यो विधेयक ल्याएको हो मैले जवाफ त दिनुनपर्ने हो किन भने यो विधेयक विधायन समितिबाट विधेयक जुनरूपमा प्राप्त भयो, त्यही रूपमा अर्थात विधेयक प्राप्त भएकै स्वरूपमा यहाँ लेखिएको छ । स्वरूपमा सर्वसम्मतिबाट पारित भएर यो आएको छ तर पनि केही प्रश्नहरू उठे त्यसकारण यसबारेमा स्पष्ट पार्न जरुरी छ । यो विधेयकलाई मैले सैद्धान्तिक छलफलको सन्दर्भमा पनि भनेको थिए । प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यसको पूरा नाम हो । र पनि हामी सम्भनका लागि छोटो नाम गठन आदेश विधेयक भनेर सम्भिन पनि सकिन्छ भन्ने पनि गरिन्छ र हामीले क्याविनेटबाट अर्थात् प्रदेश सरकारले गठन आदेश भनेरै क्याविनेटबाट पारित गरेको थियो र त्यही अनुसार कार्यान्वयन गरेको थियो । मुख्य कुरा विकास समितिको गठन गर्नकै निम्ति हो । र कस्ता विकास समिति ? त्यहाँ आवश्यकता र औचित्यका आधारमा भनेर स्पष्ट रूपले भनेको छ त्यो पनि खास गरी भाषिक, भाषा र संस्कृतिको क्षेत्रमा कैँयौं ऐतिहासिक महत्वका स्थानहरू छन् र त्यस्ता क्षेत्रहरू पनि छन् । त्यहाँ त्यसलाई विकास समितिको रूप दिएर त्यहाँको विकास गर्नका निम्ति त्यहाँको सबै खालका विकास भौतिकलगायत सबै खालका विकास निर्माण गर्नका निम्ति यो विधेयक ल्याइएको हो । र हामीलाई त्यस्ता विकास समिति गठन गर्नलाई अब ऐनले पनि हिजो गठन आदेशबाट थियो, क्याविनेटको निर्णयबाट थियो भने ऐनबाट पनि अब त्यसको निम्ति बाटो खुलेको छ । र हामीलाई मैले अगाडि पनि राख्या थिए, अब रत्नमन्दिर, हिमानी गृह प्रदेश सरकारले सञ्चालन गर्ने कुरा हामीले अगाडि बढाई नै सकेका छौं । यसरी नै मुक्तिनाथ विकास कोषको कुरा पनि उठेको छ । अब त्यो प्रक्रियामा हामीलाई अगाडि जान अब सजिलो हुने भयो । यस्तै-यस्तै अर्थात संघ सरकारले केही विकास समितिहरू बनाएको छ । र केही जो हिजो आफूले बनाउँदै आएको थियो, केन्द्र सरकारले नै बनाउने गरेको थियो त्योमध्ये कैयौं बनाएको छैन । यो प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने भएकोले प्रदेशले नै बनाउँछ भनेर छोडेको कुरा हो । त्यसकारण यस्ता विकास समितिहरू बनाएर यस्ता क्षेत्रमा विकास समिति बनाएर जानको

निम्ति यसले बाटो खोलेको छ । र अबसँगै अब यो त केही प्रश्न थप्नु भयो यति बुझ्दा बुझ्दै पनि भन्ने लाग्छ कि यो कार्यकर्ता भर्ती केन्द्र हुने पो हुन् कि ? मैले यसमा एउटै वाक्य भनौं । जसले यो प्रश्न उठाउनु भयो माननीय सदस्यज्यूहरू नझस्किन मात्रै अनुरोध गर्दछु । त्यस्तो हुने छैन । हिजो भयो, हिजो भयो र झस्किनु भयो अब हुने छैन । एउटा क्षेत्रको विकाससमिति छ । जहाँको भाषा अथवा भाषिक क्षेत्रको हुन सक्छ अथवा त्यस्ता ऐतिहासिक, त्यस्ता धार्मिक क्षेत्रको विकास समिति हुन सक्छ त्यहाँको विकासको निम्ति त्यहाँको प्रवद्धनको निम्ति त्यहीँका मान्छेहरूको नेतृत्वमा त्यहाँ विकास समिति हुनुपर्छ तर हिजो हाम्ले यस्तो पनि देख्यौ, एउटा ठाउँको विकास समिति छ कहाँ को कहाँको त्यो ठाउँसीत सरोकार नै नराख्ने मान्छेलाई अध्यक्ष बनाउने काम पनि मैले इतिहासमा म आफैँले भोग्या हुँ, देख्या हुँ त्यसकारण त्यस्तो हुने छैन । मैले त्यस सन्दर्भमा तनहुँमै काम गरेको देवघाट विकास समिति एउटा उदाहरण छ कुनै बेला त्यसकारण यस्तो हुने छैन भन्ने कुरा म सचेत गराउन चाहन्छु । त्यसैकारणले हामीले आवश्यकता र औचित्यका आधारमा यो विकास समिति बनाउँछौँ र त्यसको विकास गर्नका निम्ति, प्रवद्धन गर्नका निम्ति उपयुक्त व्यक्तित्वको छनौट प्रदेश सरकारले गर्नेछ । यसकारण नझस्किन अनुरोध गरेर माननीय सदस्यज्यूहरूलाई सभामुखमाफत् फेरि पनि धन्यवाद दिएर बिदा हुन्छु हवस् धन्यवाद ।

**माननीय सदस्यहरू,** अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरू अब म विधेयकको दफा १ देखि ११ सम्म प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णायार्थ प्रस्ताव गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा १ देखि ११ सम्म सर्वसम्मतिले प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,** अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**

सामाजिक न्यायसहितको तीव्र र दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्न प्रदेशका विकास योजना तथा भाषा, संस्कृतिलगायतका सामाजिक क्षेत्रको विकास कार्यलाई शीघ्र र व्यवस्थित रूपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यकता व्यवस्था गर्न वान्छनिय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ**

१. यो ऐनको नाम प्रदेश विकास समिति ऐन - २०७६ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,** अब म आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असार २३ गते बसेको बैठकमा प्रस्तुत भई मिति २०७७ साल असार २५ गते दफाबार छलफलको लागि विधायन समितिमा पठाइएकोमा समितिबाट प्रतिवेदनसहित प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल साउन ११ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।